# परशुराम नगरपालिकाको नगर सभामा मिति २०८३ साल असार ७ गते
# नगर उपप्रमुख श्री बिमला कुमारी बोहराले
# प्रस्तुत गर्नुभएको
# आर्थिक वर्ष २०८३/८४ को
# बजेट वक्तव्य

परशुराम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जोगबुडा, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश
२०८३

**परशुराम नगरपालिका, नगर सभाको १९औं बजेट अधिवेशनका सभा अध्यक्षज्यू एवम् नगरपालिकाका आदरणीय नगर प्रमुखज्यू, र नगरसभाका सदस्यज्यूहरू,**

सर्वप्रथम, म संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका निम्ति आफ्नो अमूल्य जीवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात अमर सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै, संघीय शासन पद्धतिलाई आत्मसात् गर्दै राष्ट्रियता, स्वाधीनता, सामाजिक न्याय, समानता र समृद्धिको अभियानमा अविचलित रूपमा संघर्ष गर्नुहुने महान् नेपाली जनता एवं आदरणीय नगरवासीहरूमा उच्च सम्मान प्रकट गर्दछु।

नेपालको संविधानको धारा २३० तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ ले गरेको कानूनी व्यवस्था बमोजिम परशुराम नगरपालिकाको आगामी सोच र जनआकांक्षालाई समेट्दै तयार पारिएको आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम यस गरिमामय १९औं नगरसभा समक्ष प्रस्तुत गर्न पाउँदा मलाई गौरवको अनुभूति भएको छ। यस बजेटले नगरपालिकाको सामाजिक, आर्थिक, सांस्कृतिक, प्राविधिक र दिगो पूर्वाधार विकासमा दूरगामी एवं रणनीतिक महत्व राख्ने विश्वास लिएकी छु।

सांस्कृतिक एवं पर्यटकीय नगर परशुराम नगरपालिकाको उपप्रमुखको हैसियतले यो बजेट तर्जुमा गर्दा मैले नगरवासीहरूको विकासप्रतिको आकांक्षा, सरोकारवालाहरूबाट प्राप्त अमूल्य सुझावहरू र विगतका नगरसभाका सिकाइहरूलाई मुख्य मार्गदर्शक सिद्धान्तका रूपमा अवलम्बन गरेकी छु। साथै, मिति २०८३/०३/०३ गते आदरणीय नगर प्रमुखज्यूबाट प्रस्तुत आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम, नेपाल सरकार तथा सुदूरपश्चिम प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम तथा बजेट वक्तव्यलाई समेत यस बजेटको मूल आधारस्तम्भका रूपमा आत्मसात् गरिएको छ।

उपलब्ध स्रोत र साधनको परिधिभित्र रही शासकीय सुधार, सुशासन, सूचना प्रविधिमैत्री सेवा प्रवाह, गुणस्तरीय शिक्षा तथा स्वास्थ्य, रोजगारी सिर्जना तथा उद्यमशीलता प्रवर्द्धन

र सुदृढ पूर्वाधार विकासलाई यस बजेटमा विशेष प्राथमिकता दिइएको छ। त्यसैगरी, सामाजिक विकास, युवा तथा खेलकूद, स्वच्छ खानेपानी तथा सरसफाइ, विपद् व्यवस्थापन, सुलभ न्याय निरूपण, पूर्वाधार विकास र लक्षित वर्गको सशक्तीकरणमार्फत मानव विकास एवम् समावेशी विकासलाई सम्बोधन हुने गरी मैले बजेट तथा कार्यक्रमहरू प्रस्ताव गरेकी छु।

प्रस्तावित बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनबाट परशुराम नगरपालिकालाई समृद्ध बनाउने यात्रामा आम परशुरामवासी, आदरणीय जनप्रतिनिधिहरू, राष्ट्रसेवक कर्मचारीहरू, राजनीतिक दल, नागरिक समाज र सरोकारवाला सम्पूर्ण पक्षबाट विगतमा जस्तै रचनात्मक साथ, सहयोग तथा समन्वय र सहकार्यको अपेक्षा गरेकी छु।

**नगर सभाका अध्यक्षज्यू,**

**नगर सभाका सदस्यज्यूहरू,**

**अब म परशुराम नगरपालिकाको प्रमुख आर्थिक तथा सामाजिक परिसूचकहरूको संक्षिप्त झलक प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

१. २०८३ जेठ मसान्तसम्म नगरपालिकाको कुल संशोधित बजेट रु. ८० करोड १३ लाख ९ हजार ४ सय ३५ रहको छ, जसमध्ये चालुतर्फ रु. ५५ करोड ९८ लाख १९ हजार ६३ र पुँजीगततर्फ रु. २४ करोड १४ लाख ९० हजार ३ सय ७१ रहेको छ।
२. यस अवधिमा नगरपालिकाको कुल आम्दानी रु. ६५ करोड २० लाख ६३ हजार ७ सय ७७ रहेको छ।
३. समीक्षा अवधिमा नगरपालिकाको कुल खर्च ४७ करोड १८ लाख ६८ हजार ९२ रहेको छ, जुन कुल संशोधित बजेटको ५८.८८ प्रतिशत हो। यस्तै, कुल खर्चमध्ये चालु खर्च रु. ४१ करोड ५७ लाख ४८ हजार ८ सय ७ रहेको छ, जुन कुल चालुतर्फ विनियोजित बजेटको ७४.२६ प्रतिशत हो। यस्तै, कुल खर्चमध्ये पुँजीगत खर्च रु. ५ करोड ६१ लाख १९ हजार २ सय ८४ भएको छ, जुन कुल पुँजीगततर्फ विनियोजित बजेटको २३.२३ प्रतिशत हो।

४. यस अवधिमा नगरपालिकाभित्रका प्रारम्भिक बालविकास तथा शिक्षामा कुल भर्नादर ११४.६२ प्रतिशत रहेको छ। यसैगरी, आधारभूत तह प्राथमिक कक्षा (१-५) मा खुद भर्नादर ५९.१३ प्रतिशत र कुल भर्नादर ११.३१ प्रतिशत रहेको छ। यसैगरी, आधारभूत तह कक्षा (१-८) मा खुद भर्ना दर ५१.९६ प्रतिशत र कुल भर्ना दर १०४.८२ प्रतिशत रहेको छ। साथै, आधारभूत तह प्राथमिक कक्षा (१-५) को कुल भर्ना दरमा लैंगिक समता सूचाङ्क ०.९० रहेको छ।

५. नगरपालिकामा मातृ मृत्युदर प्रति लाख जीवित जन्ममा ११९ जना रहेको छ। जुन राष्ट्रिय जनसांख्यिक र स्वास्थ्य सर्वेक्षण (NDHS-२०२१) को औसत (१५१ जना) भन्दा न्यून हो। साथै, नगरपालिकामा नवशिशु मृत्युदर प्रति हजार जीवित जन्ममा ३.१७ जना मात्र रहेको छ, जुन राष्ट्रिय औसत (२१ जना) को तुलनामा धेरै न्यून हो।

६. यस अवधिमा दक्ष स्वास्थ्यकर्मीको उपस्थितिमा हुने प्रसुती सेवा (संस्थागत प्रसुती) को दर २७.४३ प्रतिशत कायम भएको छ।

७. नगरमा ९ देखि १५ महिनासम्मका बालबालिकाहरूको खोपमा पहुँच ९० प्रतिशतभन्दा माथि रहेको छ।

८. समीक्षा अवधिमा उपभोक्ता समितिहरूसँग सम्झौता भएका कुल योजना २८५ वटा रहेको छन्। जसमध्ये खानेपानीतर्फ ४८ वटा, सिँचाई तथा कुलो निर्माणतर्फ ९१ वटा, सडक निर्माण तथा स्तरोन्नतीतर्फ २८ वटा, पोखरी तथा कुवा निर्माणतर्फ ९ वटा, भवन तथा ट्रस निर्माणतर्फ २८ वटा, मन्दिर तथा धार्मीक संरचना निर्माणतर्फ ४३ वटा, घेरापर्खाल निर्माणतर्फ ११ वटा, र अन्यतर्फ २७ वटा रहेका छन्। जसमध्ये हालसम्म १५० भन्दा बढी योजनाहरूको कार्यसम्पन्न भई भुक्तानी समेत भइसकेको छ।

९. चालु आर्थिक वर्षमा ठेक्का प्रक्रियाबाट कार्यान्वयनमा रहेका ४८ वटा आयोजना रहेका छन्। जसमध्ये १९ वटा आयोजनाको निर्माण कार्य सम्पन्न भइसकेको छ। चालु आर्थिक वर्षको अन्तसम्ममा कुल २८ वटा आयोजनाहरू सम्पन्न हुने अनुमान गरिएको छ।

१०. चालु आर्थिक वर्षको समीक्षा अवधिसम्म ४ वटा सडक, २ वटा झोलुङ्गे पुल, ३ वटा भवन, ३ वटा खानेपानी संरचना, ३ वटा सिँचाई तथा तटबन्ध संरचना

तथा ६ वटा शिक्षा तथा स्वास्थ्य पूर्वाधार संरचनाको निर्माण कार्य सम्पन्न भएका छन्।

**नगर सभाका अध्यक्षज्यू,**
**नगर सभाका सदस्यज्यूहरू,**

**अब म परशुराम नगरपालिकाको समग्र बजेट प्रणालीमा देखापरेका प्रमुख चुनौतीहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

(क) बजेटमा विनियोजन कुशलता, कार्यान्वयन दक्षता तथा वित्तीय सुशासन सुनिश्चित गर्नु प्रमुख चुनौतीका रूपमा रहेको छ।

(ख) आयोजना तथा कार्यक्रम प्राथमिकीकरण र छनौटमा प्रभावकारिताको कमीले उत्पादन, रोजगारी सिर्जना, पुँजी निर्माण तथा आर्थिक वृद्धिमा उल्लेख्य योगदान पुऱ्याउन सकिएको छैन।

(ग) अन्तरसरकारी वित्तीय हस्तान्तरणमाथिको बढ्दो निर्भरतालाई कम गर्न नगरपालिकाको आन्तरिक आयमा बढोत्तरी गर्नु ठुलो चुनौतीका रूपमा देखापरेको छ।

(घ) बढ्दो वितरणमुखी कार्यक्रम, अनुत्पादक तथा चालु खर्चलाई नियन्त्रण तथा पुँजीगत खर्च क्षमतामा अभिवृद्धि गर्नु चुनौतीपूर्ण बनेको छ।

(ङ) ठूला तथा रणनीतिक महत्वका आयोजनामा पर्याप्त रकम विनियोजन, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन र आयोजना सुशासनलाई प्रभावकारी बनाउनु अर्को चुनौती रहेको छ।

(च) शिक्षा, स्वास्थ्य, मानव पुँजी निर्माण, मानव विकास तथा सेवा प्रवाहमा पर्याप्त लगानी गर्न सकिएको छैन।

**नगर सभाका अध्यक्षज्यू,**
**नगर सभाका सदस्यज्यूहरू,**

**अब म परशुराम नगरपालिकाको आर्थिक वर्ष २०८३/८४ को बजेटले तय गरेका उद्देश्यहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

(क) वित्तीय सुशासन, राजस्व अभिवृद्धि, सेवा प्रवाह तथा शासकीय सुधार गर्नु।

(ख) शिक्षा तथा स्वास्थ्य एवम् पोषणमा सुधार गर्दै मानव पुँजी निर्माण गर्नु।

(ग) खानेपानी तथा सरसफाई एवम् सिँचाई सेवामा जनताको पहुँच अभिवृद्धि गर्नु।

(घ) कृषि क्षेत्रको विकास, लघु तथा घरेलु उद्योग तथा उद्यमशीलता प्रवर्द्धन, आयोजना कार्यान्वयन तथा पुँजीगत खर्च अभिवृद्धिमार्फत् रोजगारी सिर्जना, गरिबी तथा आर्थिक असमानता कम गर्नु।

(ङ) प्राविधिक तथा सीपमूलक तालिममार्फत दक्ष तथा सीपयुक्त जनशक्ति उत्पादनमा जोड दिनु।

(च) लैंगिक समानता तथा सामाजिक समावेशीकरण, सहभागितामूलक तथा समावेशी विकास एवम् सुरक्षित र सभ्य समाजको निर्माण गर्नु।

(छ) पूर्वाधार विकासलाई प्रतिफलमुखी, गुणस्तरीय, दीगो तथा वातावरणमैत्री बनाउनु।

(ज) चालु तथा वितरणमुखी खर्च नियन्त्रण र पुँजीगत खर्च क्षमता बढाउनु।

(झ) सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग तथा सुशासन कायम गर्नु।

**नगर सभाका अध्यक्षज्यू,**
**नगर सभाका सदस्यज्यूहरू,**

**अब म परशुराम नगरपालिकाको आर्थिक वर्ष २०८३/८४ को बजेटले तय गरेका उल्लिखित उद्देश्यहरू हासिल गर्न अवलम्बन गरिएका सिद्धान्त तथा प्राथमिकताहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

**बजेटका सिद्धान्तहरूः–**

(क) वित्तीय अनुशासन र चालु खर्च नियन्त्रण,

(ख) आन्तरिक राजस्व अभिवृद्धि,

(ग) आयोजना प्राथमिकीकरण तथा छनौट कुशलता,

(घ) पुँजीगत खर्च दक्षता अभिवृद्धि,

(ङ) प्रतिफलमुखी र वातावरणमैत्री विकास,

(च) सेवा प्रवाह, शासकीय सुधार तथा सुशासन।

**बजेटका क्षेत्रगत प्राथमिकताहरूः–**

(क) शिक्षा, स्वास्थ्य, र पोषण,

(ख) व्यावसायिक कृषि तथा उद्यमशीलता विकास,

(ग) प्राविधिक तथा व्यावसायिक तालिम,

(घ) खानेपानी, सरसफाई र सिँचाई,

(ङ) ठूला तथा पुँजी निर्माणमा सहयोगी आयोजनाहरू,

(च) लक्षित वर्ग कार्यक्रम, सामाजिक न्याय तथा समावेशी विकास,

(छ) संस्कृति, पर्यटन, र युवा तथा खेलकूद,

(ज) डिजिटल शासन तथा सेवा प्रवाह,

(झ) आयोजना व्यवस्थापन तथा सुशासन,

(ञ) वातावरण संरक्षण, दीगो विकास, जलवायु परिवर्तन र विपद् व्यवस्थापन।

**नगर सभाका अध्यक्षज्यू,**
**नगर सभाका सदस्यज्यूहरू,**

**अब म बजेटले तय गरेका उद्देश्यहरू हासिल गर्न बजेट तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन, प्रतिवेदन लगायतका क्षेत्रमा अवलम्बन गरिने सुधारका रणनीतिहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

(क) नगरपालिकाको आन्तरिक राजस्व परिचालनलाई प्रभावकारी बनाउन राजस्व अनुमानलाई वैज्ञानिक तथा वस्तुनिष्ठ बनाउँदै राजस्व संकलनमा जोड दिइनेछ।

(ख) आयोजना व्यवस्थापनलाई प्रभावकारी बनाउन समयमैं खरिद योजना तर्जुमा, ठेक्का आव्हान, प्राविधिक कर्मचारीहरूको क्षमता विकास तथा नियमित अनुगमन र मूल्यांकनलाई जोड दिने नीति लिएकी छु।

(ग) स्रोतलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्न वितरणमुखी कार्यक्रम तथा चालु र फजुल खर्चमा कटौती गर्दै पुँजीगत खर्चमा बढोत्तरी गर्ने प्रयास गरेकी छु।

(घ) बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन बजेट कार्यान्वयन कार्ययोजना तर्जुमा गरी लागु गरिनेछ।

(ङ) आयोजना तथा कार्यक्रमको प्रभावकारिता मापनका लागि तथ्यांक प्रणाली सुदृढीकरण तथा तथ्य प्रमाणमा आधारित नीति निर्माण संस्कृतिको विकासमा जोड दिइनेछ।

माथि प्रस्तुत गरिएका बजेट प्रणाली सुधारका रणनीतिहरूको कार्यान्वयनले नगरपालिकाको विनियोजन कुशलता, चालु खर्चमा अनुशासन तथा पुँजीगत खर्चमा अभिवृद्धि र नतिजा प्राप्तिमा सहजता र समग्र बजेट प्रणालीमा प्रभावकारिता अभिवृद्धि हुने विश्वास गरेकी छु।

**नगर सभाका अध्यक्षज्यू,**
**नगर सभाका सदस्यज्यूहरू,**

**अब म आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटका प्रमुख क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

**<u>सामाजिक विकास क्षेत्र</u>**

१. विद्यार्थीहरूलाई अध्ययनमा प्रोत्साहन तथा आर्थिक सहुलियत प्रदान गर्न "प्राविधिक तथा व्यवसायिक विद्यार्थीलाई शैक्षिक ऋण कार्यक्रम" का लागि रु. ६० लाख, "कक्षा ११ र १२ का लागि शैक्षिक शुल्क अनुदान कार्यक्रम" का लागि रु. २५ लाख, र "छोरी बुहारी छात्रवृत्ति कार्यक्रम" का लागि रु. ५ लाख विनियोजन गरेकी छु।

२. कक्षा १० का विद्यार्थीहरूको शैक्षिक नतिजामा सुधारका लागि "एस.इ.इ. विशेष तयारी कक्षा सञ्चालन कार्यक्रम" का लागि रु.५ लाख विनियोजन गरेकी छु।
३. युवाहरूलाई लागुपदार्थ दुर्व्यसनी, धुम्रपान र मद्यपान तथा कुलतबाट जोगाउनका लागि "लागुपदार्थ दुर्व्यसनी विरूद्धको अभियान" सञ्चालनका लागि आवश्यक विनियोजन गरेकी छु।
४. नगरपालिकामा अब्बल खेलाडीहरूको उत्पादन तथा खेलकूदको विकास गर्न "मेयर/उपमेयर कप" कार्यक्रममा रु. १५ लाखको प्रबन्ध गरेकी छु।
५. नगरपालिकाका दुर्गम वडा तथा क्षेत्रहरूमा खेलकूदको विकास गर्न भलिबल कोर्ट र क्रिकेट अभ्यास जाली निर्माणका लागि रु. १५ लाख विनियोजन गरेकी छु।
६. नगर गौरवको आयोजनाका रूपमा रहेको "परशुराम क्रिकेट स्टेडियम, परशुराम नगरपालिका वडा नं १२" लाई निरन्तरता दिँदै रु. १ करोड १० लाख विनियोजन गरेकी छु।
७. "जेष्ठ नागरिक तथा दीर्घ रोगी निःशुल्क औषधी वितरण कार्यक्रम" लाई निरन्तरता दिँदै रु.५ लाख विनियोजन गरेकी छु।
८. साँदनी अस्पताल सञ्चालन तथा व्यवस्थापनका लागि रु. १० लाख विनियोजन गरेकी छु।
९. सुत्केरी महिलाहरूको पोषण सुनिश्चितताका लागि "सुत्केरी महिलाहरूका लागि उपमेयर कोसेली कार्यक्रम" लाई निरन्तरता दिँदै रु.८ लाख विनियोजन गरेकी छु।
१०. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको प्रोत्साहनका लागि रु. ३२ लाख ४० हजार विनियोजन गरेकी छु।
११. नगरपालिकामा मनोपरामर्श सेवा प्रदान गर्नका लागि संघ सरकारसँगको लागत साझेदारीमा रु.४ लाख विनियोजन गरेकी छु।
१२. "गाउँघर क्लिनिक" सञ्चालनका लागि रु.४ लाख ५० हजार विनियोजनको व्यवस्था मिलाएकी छु। साथै, आयुर्वेद औषधालयका लागि कुल रु. १० लाख विनियोजन गरेकी छु।

१३.नगरपालिकामा शव बाहन सेवा सञ्चालनका लागि शव बाहन खरिद गर्न रु. ४० लाख ३७ हजार विनियोजन गरेकी छु। साथै, नगरपालिकाभित्रका वडाबाट स्वास्थ्य संस्थासम्म निःशुल्क एम्बुलेन्स सेवा सञ्चालनका लागि रु. ४ लाख विनियोजन गरेकी छु।

१४.महिला तथा बालबालिकासम्बन्धी बृहत् स्वास्थ्य शिविर सञ्चालनका लागि रु. ५ लाखको व्यवस्था गरेकी छु।

१५.विपन्न, दलित, एकल, हिंसापिडीत महिलाहरूको सीप विकासका लागि रु. ३ लाख विनियोजन गरेकी छु। साथै, अपांगता भएका बालबालिका तथा व्यक्तिहरूका लागि सहायक सामाग्री वितरण तथा आयआर्जन सम्बन्धी तालिमका लागि रु. २ लाख ५० हजार विनियोजन गरेकी छु।

## पूर्वाधार विकास क्षेत्र

१६.भौतिक पूर्वाधार संरचनाहरूको नियमित मर्मत सम्भार लगायतका कार्यका लागि "मर्मत सम्भार कोष" को व्यवस्था गर्दै रु. ३० लाख विनियोजन गरेकी छु।

१७.परशुरामधाममा भौतिक पूर्वाधार निर्माणका लागि रु. ४० लाख विनियोजन गरेकी छु।

१८.साँदनी खेलमैदान निर्माण सम्पन्न कार्यका लागि रु. ८ लाखको व्यवस्था गरेकी छु।

१९.निजी आवास पुनःर्निर्माण कार्यका लागि लागत साझेदारीवापत रु. ३० लाखको व्यवस्था गरेकी छु।

२०.आयोजना बैंक र सिभिल प्रयोगशाला स्थापनाका लागि आवश्यक बजेट विनियोजन गरेकी छु।

२१.अधुरा तथा अपुरा भौतिक संरचना तथा योजनाहरू सम्पन्न गर्ने कार्यलाई प्राथमिकता दिँदै आवश्यक रकम विनियोजन गरेकी छु।

## आर्थिक विकास क्षेत्र

२२.“नगरप्रमुख कृषि विकास कार्यक्रम” का लागि रु. १० लाख विनियोजन गरेकी छु।

२३.संघ सरकारसँगको लागत साझेदारीमा तीन वर्षभित्र सम्पन्न गर्ने गरी आगामी आर्थिक वर्षका लागि चिस्यानगृह (Cold store) निर्माण गर्न रु. ७० लाख विनियोजन गरेकी छु।

२४.कृषि यान्त्रिकरण वडा नं. ५ र ७ का लागि रु. ३ लाख, मौरी प्रवर्द्धन कार्यक्रमका लागि रु. ३ लाख, तरकारी बाली पकेट प्रवर्द्धन कार्यक्रमका लागि रु. ३ लाख, खाद्यान्न बिउँ र अन्य कृषि सामाग्री ढुवानीका लागि रु. २ लाख र आलु बिउँ ढुवानीका लागि रु. ५ लाख बजेटको प्रबन्ध गरेकी छु।

२५.छाडा पशु चौपाया व्यवस्थापनका लागि रु. ५ लाखको व्यवस्था गरेकी छु।

२६.पशु सेवा शाखाका कार्यक्रमहरू सञ्चालनका लागि रु. २० लाख र कृषि विकास शाखाका लागि रु. ३० लाख विनियोजन गरेकी छु।

२७.रोजगार तथा उद्यमशीलतासम्बन्धी तालिम तथा प्रशिक्षणहरूलाई एकीकृत रूपमा सञ्चालन गर्न “सीप मेला” आयोजनाका लागि रु. १० लाख विनियोजन गरेकी छु।

२८.उद्यमशीलता, रोजगारमूलक तथा सशक्तिकरण एवम् सीप विकास तालिम सञ्चालनका लागि रु. ५ लाख विनियोजन गरेकी छु। साथै, रोजगार सेवा केन्द्रका लागि एकमुष्ट रूपमा रु. १५ लाख बजेट व्यवस्था गरेकी छु।

२९.सहकारीहरूको नियमन तथा क्षमता विकासका लागि एकमुष्ट रूपमा सहकारी शाखाका लागि रु. ३ लाख विनियोजन गरेकी छु।

## वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

३०.विपद् व्यवस्थापन कोषका लागि रु. ५ लाखको व्यवस्था मिलाएकी छु।

३१.नगरमा हरियाली तथा प्राकृतिक सौन्दर्यता अभिवृद्धि गर्न वृक्षारोपण कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेकी छु।

३२.वन, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन र जलवायु परिवर्तनका प्रभावको अनुकूलन तथा न्यूनिकरण लगायतका कार्यहरू सञ्चालनका लागि एकमुष्ट रूपमा रु. १० लाख विनियोजन गरेकी छु।

**<u>सुशासन तथा संस्थागत क्षमता विकास क्षेत्र</u>**

३३."डिजिटल नगर कार्यक्रम" सञ्चालनका लागि रु. ८ लाखको व्यवस्था मिलाएकी छु। साथै, सूचना तथा सञ्चार शाखाका लागि रु. १० लाख विनियोजन गरेकी छु।

३४.राजस्व सुदृढीकरण तथा शाखा व्यवस्थापनका लागि एकमुष्ट रु. ५ लाख विनियोजन गरेकी छु।

३५.पुँजीगत सेवा परामर्श कार्यका लागि रु. ५ लाखको व्यवस्था गरेकी छु।

३६.कर्मचारीहरूको क्षमता विकासका लागि आवश्यक बजेट विनियोजन गरेकी छु।

३७.नेपाल सरकारले सम्वत् २०८३ साउन १ गतेदेखि लागू हुने गरी राष्ट्रसेवक कर्मचारीको सुरु तलबमानमा गरेको दश प्रतिशत वृद्धि र सोपछि कायम हुने नयाँ तलबमानको १० प्रतिशत मासिक प्रोत्साहन भत्ताको व्यवस्थालाई नगरपालिकाको स्वीकृत दरबन्दीमा कार्यरत सबै राष्ट्रसेवक कर्मचारीलाई समेत उपलब्ध गराउने व्यवस्था मिलाएको छु। साथै, करार सेवामा कार्यरत कर्मचारीहरूको हाल खाइपाइ आएको तलबमा १० प्रतिशत मात्र वृद्धि गर्ने गरी आवश्यक बजेटको व्यवस्था मिलाएकी छु।

३८.न्यायमा पहुँच अभिवृद्धिसम्बन्धी कार्यक्रमहरू सञ्चालनका लागि रु. ४ लाख विनियोजन गरेकी छु। साथै, लैंङ्गिक हिंसा, घरेलु हिंसा, मानव अधिकारसम्बन्धी सचेतनामूलक कार्यक्रमका लागि रु. २ लाखको व्यवस्था गरेकी छु।

३९.लागुऔषध दुर्व्यसनी न्यूनिकरणसम्बन्धी विद्यार्थी सचेतना कार्यक्रमका लागि रु. २ लाख ७० हजार विनियोजन गरेकी छु।

**नगर सभाका अध्यक्षज्यू,**

**नगर सभाका सदस्यज्यूहरू,**

**अब म माथि उल्लिखित नीति तथा कार्यक्रम कार्यान्वयनका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

आगामी आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयन गर्नका लागि मैले कुल रू. ७७ करोड १६ लाख ५१ हजार बजेट विनियोजन गरेकी छु। कुल विनियोजनमध्ये चालु खर्चतर्फ रू.५३ करोड ६५ लाख १६ हजार, अर्थात् कुल विनियोजनको ६९.५३ प्रतिशत र पुँजीगत खर्चतर्फ रू. २३ करोड ५१ लाख ३५ हजार, अर्थात् कुल विनियोजनको ३०.४७ प्रतिशत हुने गरी विनियोजनको व्यवस्था मिलाएकी छु।

आर्थिक वर्ष २०८३/८४ का लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये नगरपालिकाको आन्तरिक राजस्व परिचालनबाट रू. २ करोड, संघ सरकारबाट राजस्व बाँडफाँड भई प्राप्त हुने अनुमानित रकम रू. १५ करोड ४९ लाख १६ हजार, वित्तीय समानीकरण अनुदानवापत प्राप्त हुने अनुमानित रकम रू. १३ करोड ३ लाख, समपूरक अनुदानवापत प्राप्त हुने अनुमानित रकम रू. ७० लाख, विशेष अनुदानवापत प्राप्त हुने अनुमानित रकम रु. २ करोड ५ लाख, र सशर्त अनुदानवापत प्राप्त हुने अनुमानित रकम रु. ३५ करोड ८ लाख प्राप्त हुने अनुमान गरेकी छु।

यसैगरी, प्रदेश सरकारबाट राजस्व बाँडफाँड भई प्राप्त हुने अनुमानित रकम रू. ४७ लाख ५० हजार, वित्तीय समानीकरण अनुदानवापत प्राप्त हुने अनुमानित रकम रू. १ करोड १४ लाख ५७ हजार, समपूरक अनुदानवापत प्राप्त हुने अनुमानित रकम रु. ८७ लाख ७८ हजार, विशेष अनुदानवापत प्राप्त हुने अनुमानित रकम रु. ७६ लाख ५० हजार, र सशर्त अनुदानवापत प्राप्त हुने अनुमानित रकम रु. १ करोड ५ लाख प्राप्त हुने अनुमान गरेकी छु।

चालु आर्थिक वर्ष २०८२/८३ को अनुमानित संचित रकम रु. ४ करोड ५० लाख स्रोत समावेश गरिएको छ।

**नगर सभाका अध्यक्षज्यू,**

**नगर सभाका सदस्यज्यूहरू,**

अन्त्यमा, नगरबासीहरूको शासकीय सुधार, सुशासन र विकासको आकांक्षालाई सम्बोधन गर्ने ध्ययेका साथ प्रस्तुत गरिएको आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रियामा खटिनुहुने परशुराम नगरपालिकाका आदरणीय जनप्रतिनिधिज्यूहरू, राष्ट्रसेवक कर्मचारीहरू, प्राज्ञिक वर्ग, बुद्धिजीवि, सञ्चारकर्मीहरू, सरकारी, गैरसरकारी, सामुदायिक तथा निजी क्षेत्र, स्वदेश तथा विदेशमा रहनुभएका नगरबासी युवाहरू, विद्यार्थीहरू एवम् सम्पूर्ण आदरणीय नगरवासीहरूमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु।

बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन एवम् नगरको विकास, सुशासन र समृद्धिको यात्रामा यहाँहरू सबैको रचनात्मक साथ र सहयोगको अपेक्षा गरेकी छु।

**धन्यवाद!**

**जय परशुराम!**

**जय परशुरामवासी!**